नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्या :- ६६१

मिति :- २०७३/७/८

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय थापाथली लगायत सम्पूर्ण कार्यालयहरु, इजाजतपत्र प्राप्त "क" वर्गका सम्पूर्ण वाणिज्य बैंकहरु तथा राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरू ।

**बिषय : विशाखापतनम तथा कोलकाता/हल्दिया बन्दरगाहबाट हुने आयात/निर्यात कारोवार सम्बन्धमा ।**

महाशय,

नेपालका फर्म, कम्पनी तथा संघ संस्थाहरुले मालवस्तु आयात तथा निर्यात गर्दा प्रयोग गरिने भारतीय बन्दरगाहहरुको सम्बन्धमा यस बैंकबाट जारी इ.प्रा.परिपत्र संख्या ५८० को बुँदा १(४) मा देहाय बमोजिम संशोधन गरिएको हुंदा सोही बमोजिम गर्नु र गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने ) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१(४) प्रतीतपत्र मार्फत **भारतीय बन्दरगाह कोलकाता/हल्दिया तथा विशाखापतनम हुँदै** सामान आयात गर्न सकिने भन्सार नाकाहरु :

१(४)(१) (अ) नेपाल सरकार अन्तरगतका बिभिन्न कार्यालय, आयोजना तथा सरकारी संस्थानहरुले आयात गर्ने सामान वाहेक अन्य आयातकर्ताहरुले तेस्रो मुलुकबाट भारतको **कोलकाता/हल्दिया बन्दरगाह हुँदै** (ट्रक वा रेलमार्ग मार्फत) आयात गरिने सम्पूर्ण वस्तुहरु निम्न भन्सार नाकाहरुबाट मात्र नेपाल भित्र्याउनु पर्नेछ ।

(क) मेची भन्सार (ख) विराटनगर भन्सार (ग) बीरगञ्ज भन्सार (घ) भैरहवा भन्सार (ङ) नेपालगञ्ज भन्सार (च) धनगढी भन्सार र (छ) वीरगञ्ज सुख्खा बन्दरगाह भन्सार ।

**(आ) सम्पूर्ण आयातकर्ताहरुले तेस्रो मुलुकबाट भारतको विशाखापतनम बन्दरगाह हुँदै तोकिए बमोजिम ट्रक वा रेलमार्ग मार्फत आयात गरिने सम्पूर्ण वस्तुहरु निम्न भन्सार नाकाहरुबाट मात्र नेपाल भित्र्याउनु पर्नेछ ।**

**(क) विराटनगर भन्सार (ख) बीरगञ्ज भन्सार (ग) भैरहवा भन्सार (घ) नेपालगञ्ज भन्सार र (ङ) वीरगञ्ज सुख्खा बन्दरगाह भन्सार ।**

१(४)(२) भारतको मार्ग प्रयोग नभई आयात गरिने सामानको हकमा त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल

भन्सार, **रसुवा भन्सार** तथा तातोपानी भन्सार कार्यालयबाट पनि प्रतीतपत्र अन्तर्गतको सामान आयात गर्न सकिनेछ ।

१(४)(३) **भारतीय बन्दगाह** भई/वा नभई तेस्रो मुलुक निर्यात हुने व्यापारिक सामानको हकमा पनि उपरोक्त अनुसारका भन्सार विन्दुको प्रयोग गर्नु पर्नेछ ।

१(४)(४) **सम्बन्धित बन्दरगाहबाट सामान छुटाउने प्रयोजनको लागि कोलकाता/हल्दिया तथा विशाखापतनम बन्दरगाह हुँदै सामान आयात गर्न खोलिएका प्रतितपत्रहरुको छुट्टाछुट्टै विवरण तयार गरी यस बैंकमा पेश गर्नुपर्नेछ ।**

भवदीय,

(वासुदेव अधिकारी)
का.मु.कार्यकारी निर्देशक

बोधार्थ:

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा ।
४. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।
५. श्री नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
६ श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
८ श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, सूचना प्रविधि विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
११. श्री नेपाल बैंकर्स संघ ।
१२. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१३. श्री नेपाल उद्योग परिसंघ ।
१४. श्री नेपाल चेम्बर अफ कमर्स ।